२२२९/४२६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १३५/०७३/७४
निर्णय नं. ४२७

जिल्ला बारा, कलैया नगरपालिका-२० निवासी सर्फुल्लाह अंसारी ..........................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, शंकरदेव क्याम्पस, काठमाडौं ............................................ १ } विपक्षी
सूचना अधिकारी, शंकरदेव क्याम्पस, काठमाडौं ............................................ १

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

जिल्ला बारा, कलैया नगरपालिका-२० निवासी सर्फुल्लाह अंसारीले शंकरदेव क्याम्पस, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०४।२५ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग वमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी शंकरदेव क्याम्पस, काठमाडौंको नाममा मिति २०७३।०४।३२ मा आदेश गरिएको । उक्त आदेश कार्यान्वयनको लागि यस आयोगको च. नं. २३३ मिति २०७३।०५।०५ को पत्र मार्फत लेखी गएको । तत् पश्चात शंकरदेव क्याम्पस, काठमाडौंको पत्र संख्या २७०।०७३।०७४ मिति २०७३।०५।१५ को पत्र मार्फत सूचना उपलब्ध गराएको र उक्त पत्रको प्रतिलिपि स्वयं उपस्थित भई मिति २०७३।०८।०८ मा बुझि लिई मिसिलको लगतकट्टा गरिदिए हुन्छ भनेकोले सो सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल पुष २१ गते रोज ५ शुभम् ।